# पर्खालभित्रको राजधानीका दुई नियात्राको विधातात्त्विक विश्लेषण


▪ **डा. केशवप्रसाद न्यौपाने**

नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल

Email : kpnyaupane@gmail.com



DOI : https://doi.org/10.3126/ss.v10i1-2.68612



## सार

*प्रस्तुत लेख पर्खालभित्रको राजधानी नियात्रा सङ्ग्रहमा सङ्गृहीत आशाको लहरामा एक मुठी श्वास र रहस्यका पहाडहरूमा शीर्षकका प्रारम्भिक दुई नियात्राको विधातात्त्विक विश्लेषणसँग सम्बद्ध छ । यी नियात्रामा विधातत्त्वको संश्लेषण तथा समन्वयको स्थिति के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको तथ्यपरक समाधानमा यो अध्ययन केन्द्रित छ । यसका निम्ति नियात्रा सिद्धान्तलाई आधार बनाइएको छ । यसै सिद्धान्तका आधारमा सङ्कलित तथ्यको अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा गरिएको छ । उद्देश्य, सहभागी, गतिशीलता, परिवेश, भाषाशैली आदि नियात्राका संरचक तत्त्व हुन् । यी तत्त्वहरूको कलात्मक विन्यासका कौशलमा नियात्राको सौन्दर्य निर्भर गर्छ । प्रस्तुत नियात्रामा विधातत्त्वहरूको संश्लेषणमा विशिष्ट कौशल प्रतिफलित भएको छ । तसर्थ यी नियात्राहरू विधातात्त्विक दृष्टिले उत्कृष्ट छन् भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*



**शब्दकुञ्जी :** अनुभूति, अनुरञ्जन, आह्लाद, आलङ्कारिक, उल्लास ।


## विषयपरिचय

प्रस्तुत शोधलेख दामोदर पुडासैनी 'किशोर' को पर्खालभित्रको राजधानी (२०७३) नियात्रा सङ्ग्रहमा सङ्कलित 'आशाको लहरामा एक मुठी श्वास' र 'रहस्यका पहाडहरूमा' दुई नियात्राहरूको विधातात्त्विक अध्ययनमा केन्द्रित छ। 'यात्रा' पदमा 'नि' पूर्वसर्गको योगबाट व्युत्पन्न 'नियात्रा' शब्दले यात्रावर्णनमा आधारित 'निबन्ध' लाई सङ्केत गर्दछ । यसमा यात्राका क्रममा देखिने प्रकृतिका विविध रूपसौन्दर्य र अवस्था, स्थानीय जनजीवन, संस्कृति, सभ्यता, रहनसहन, रीतिरिवाज आदिको वर्णन गरिएको हुन्छ नै ती तत्त्वले स्रष्टाका मनश्चेतनामा पारेको प्रभावको रागात्मक अभिव्यक्ति पनि हुन्छ। यस लेखमा दामोदर पुडासैनीका उपर्युक्त दुई नियात्राको विधातात्त्विक कलामूल्य निरूपण गरिएको छ । दामोदर पुडासैनीका नियात्राहरू मूल्यवान् छन् तापनि अध्ययन परम्परामा तिनको मूल्य निरूपण भएको छैन । यस परिप्रेक्ष्मा प्रस्तुत अध्ययनको औचित्य स्वतः सिद्ध हुन्छ। त्यसैले यसमा पुडासैनीका उपर्युक्त नियात्राहरूमा विधातत्त्वको संश्लेषण र समन्वयको कौशल निरूपणको विषयलाई समाधेय विषय बनाइएको छ। उपर्युक्त दुई नियात्राहरूको विश्लेषणमा सीमित रहनु यस शोधको सीमा हो ।

## शोधविधि

प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ । यसमा प्राथमिक सामग्रीका रूपमा उपर्युक्त दुई नियात्राहरू ग्रहण गरिएका छन् भने नियात्रासँग सम्बद्ध सैद्धान्तिक पुस्तक, लेख, शोधपत्र आदि द्वितीयक सामग्रीका

रूपमा लिइएका छन् । यी सामग्रीहरू पुस्तकालय कार्यबाट सङ्कलन गरिएका छन् । यसमा वर्णनात्मक र विश्लेषणात्मक विधि उपयोग गरी सङ्कलित सामग्रीको अध्ययन तथा विश्लेषण गरिएको छ । यसमा विश्लेष्य कृतिहरूमा नियात्राका आधारभूत तत्त्वहरू उद्देश्य, सहभागी, गतिशीलता, स्थानीय परिवेश, तथ्यात्मकता, चित्रात्मकता, कुतूहल र भाषाशैली आदिको संश्लेषण र कौशल निरूपण के-कसरी भएको छ भन्ने कुरा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## छलफल र निष्कर्ष

### शीर्षकको सार्थकता

'पर्खालभित्रको राजधानी' सङ्कलित उन्नाइस निबन्धमध्ये आशाको 'लहरामा एक मुठी श्वास' पहिलो शीर्षक बनेको छ । बेनीदेखि उपल्लो मुस्ताङ पुग्ने लक्ष्य राखेर हिँडेका यात्रीहरूका लागि स्थानीय यात्रा कम मुस्किलको थिएन । बाटाको दुरवस्थाले गन्तव्य प्राप्त हुने या बिचमै दुर्घटित हुनुपर्ने सम्भावना पनि स्पष्ट देखिन्छ । यस स्थितिमा 'आशाको लहरामा एक मुठी श्वास' शीर्षक प्रतीकात्मक बनेको छ । कहिले भगवान् पुकार्दै र भगवान्को अकर्मण्यतालाई दुत्कार्दै यात्रीहरूले गन्तव्य प्राप्त गर्ने आशा लिएका छन् । यात्रा अवधिका पीर, व्यथा र समस्याहरूलाई पर्वाह नगरी अनि तर्कवितर्क, कुराकानी र गफगाफका माध्यमबाट भयभाव भुल्ने प्रयास गर्दै अघि बढेको यात्रावर्णनमा उक्त प्रसङ्गको आशय समेट्ने गरी राखिएको शीर्षक 'आशाको लहरामा एक मुठी श्वास' सार्थक छ ।

यसै यात्रामा गन्तव्य प्राप्तिअघि देखिएका 'रहस्यका पहाडहरूमा' शीर्षकलाई यात्राकारले प्राकृतिक विविधतामा रमाउँदै चयन गरेको देखिन्छ । तिप्ल्याङको सौन्दर्यलाई नजिकैबाट हेरेर दोस्रो शीर्षक 'रहस्यका पहाडहरूमा' चयन गरिएको छ । ओरिपरि पहाडले घेरेको सानो तर भूस्वर्गझैँ देखिने तिप्ल्याङको सौन्दर्य यस शीर्षकले प्रस्तुत गरेको छ । विकट क्षेत्रको यात्रामा भएका अनुभूतिलाई समेट्ने उद्देश्यले राखिएको प्रस्तुत शीर्षक सार्थक भए पनि यात्रा एउटै रहेकाले यसलाई पहिलो शीर्षकमा समेट्ता नियात्राको स्वरूप लम्बिने स्थितिलाई अन्त गर्न एउटै प्रसङ्गलाई दुई किनार लगाइएको स्पष्ट हुन्छ । त्यसो भएर पनि पहिलोझैँ दोस्रो शीर्षक पनि प्रतीकात्मक रूपमा सार्थक छ ।

### उद्देश्य

नियात्राको मूल उद्देश्य यात्रास्थलको स्थानीय परिवेश, जनजीवन, संस्कृति र सभ्यता आदिसँगको साक्षात्कारबाट प्राप्त आनन्दानुभूति सम्प्रेषण गरी पाठकको हृदयलाई आनन्दित तुल्याउनु हो । खास गरी निश्चित समय र स्थानविशेषमा भएको यात्रावर्णनबाट पाठकमा अनुरञ्जन प्रदान गर्नु नियात्राको प्रमुख उद्देश्य हुन्छ (उपाध्याय, २०६६, पृ. ७०) ।

पुडासैनीले स्वदेश र विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । त्यस क्रममा उनले विविध प्रकारका अनुभव सँगालेका छन् । नियात्राका सहभागीहरू, रूपसरा, गङ्गा पुन, रमेश बानियाँलगायतका व्यक्तिहरूको सामीप्यले स्रष्टाको हृदय पुलकित भएको छ । स्थानीय प्राकृतिक परिवेशसँगको साक्षात्कारले उनको मन प्रफुल्लित छ । प्रकृतिका सुरम्य रूप र अवस्थाहरूले मनुष्यहृदय पुलकित हुन्छ भन्ने मान्यता राख्ने पुडासैनीले प्रकृतिको रागात्मक चित्रण गरेका छन् । साथै व्यक्तिको जीवनमा देशाटनले जीवनको उचाइ छुने मान्यता

राख्ने (पुडासैनी, २०७३, पृ. ङ) पुडासैनीले स्थानीय जनजीवन, संस्कृति र सभ्यताको समेत जीवन्त चित्रण गरेका छन् । यसबाट उनी वर्ण्य विषयसँग पाठकको पनि भावात्मक सम्बन्ध स्थापित होओस् भन्ने चाहन्छन् ।

उद्देश्यबमोजिम पुडासैनीले 'आशाको लहरामा एक मुठी श्वास' र 'रहस्यका पहाडहरूमा' शीर्षकका नियात्रामा स्थानीय परिवेशको जीवन्त चित्रण गरेका छन् । यात्राका क्रममा स्थानीय प्रकृति, जनजीवन, संस्कृति र सभ्यतासँगको साक्षात्कारबाट हृदयाकाशमा उद्बुद्ध सुखद अनुभूतिले उनको मन पुलकित भएको छ । त्यसैले उनी पाठकलाई पनि अनुभूतिको त्यो उचाइमा लैजान चाहन्छन् जुन उचाइको अनुभूति उनको हृदयले गरेको छ । नियात्राकारले स्थानीय परिवेश, स्थानीय जनजीवन, संस्कृति, सभ्यता आदिको कलात्मक अङ्कन गरी तत् तत् विषयको ज्ञान गराएसँगै वर्णित विषयप्रति पाठकमा अनुरागात्मक भावसम्बन्ध जागृत गराउनु र पाठकलाई अनुरञ्जित तुल्याउनु प्रस्तुत नियात्राहरूको मूल उद्देश्य रहेको देखिन्छ ।

## सहभागी

जुनसुकै कार्यमा समानरूपले भाग लिने व्यक्तिलाई सहभागी भनिन्छ । 'सहभागी' ले कुनै पनि कार्यमा समान ढङ्गले भाग लिने व्यक्तिलाई जनाउँछ । तिनले लाभ र हानीमा समेत समान रूपले उत्तरदायित्व बहन गर्छन् (पोखरेल, २०४०, पृ. १३२४) । नियात्राका सन्दर्भमा संलग्न मानवेतर जीव, निर्जीव वस्तु र व्यक्तिलाई सहभागीका रूपमा लिने गरिएको छ । यी तत्त्वहरूलाई दुई प्रकारमा हेर्न सकिन्छ । नियात्रा साहित्यमा नियात्राकारका निजी अनुभूतिहरूको अभिव्यक्तिले प्रधानता पाउँछ । नियात्राकार स्वयम् कर्ताका रूपमा प्रस्तुत भई आफूले देखेका र अनुभव गरेका कुराको समाख्यान स्वयम् गर्छ । त्यसैले उसलाई प्रमुख भन्न सकिन्छ । उसका अतिरिक्तका पात्रहरूलाई सहयोगी पात्रका रूपमा लिने गरिएको छ (घिमिरे, २०५८, पृ.२०५) । यसप्रकार नियात्रामा कर्ता बनेर आउने समाख्याता र यात्राका क्रममा जोडिने व्यक्तिहरूसमेत नियात्राका सहभागी हुन्छन् ।

दामोदर पुडासैनी 'किशोर'को जोमसोम यात्राका सन्दर्भमा 'म' पात्र प्रमुख पात्र हुन् । उनका सहयोगीका रूपमा धेरै पात्रहरू उपस्थित छन् । उक्त यात्रामा सहभागी पात्रहरूमध्ये काठमाडौँबाट कारमा निस्किएका म पात्रका मित्र लेखकका सहयोगी बनेर आएका छन् । बेनी बजारका बाटोढुकुवाहरूले म पात्रको कारलाई मुस्ताङतर्फ जान अवरोध पुऱ्याएका छन् जो बेनी बजारमा आफ्नो आधिपत्य रहेको ठान्छन् । त्यहाँ उपस्थित प्रहरी जवान स्थानीय व्यावसायीकै प्रभावमा परेका छन् । उनलाई आफ्नो जागिर बचाउनेसिवाय जनधनको पर्वाह नरहेको देखिन्छ । प्रहरी बहिनीमा पनि उस्तो विवेक पाइँदैन । इन्स्पेक्टर केही समझदार छन् । मगर्नी दिदीको व्यवसाले पनि भोका पथिकहरूलाई भर गरेको छ । रूपसराको रूपसौन्दर्य उनको फरासिलो व्यवहारमा प्रतिबिम्बित छ । अग्जिलरी हेल्थ वर्करको जागिरका लागि परीक्षा दिएर फर्कने दुई भाइ र दुई बहिनी पनि म पात्रको यात्राका सिलसिलामा मोस्टाङ गाडीमा सवार भएका छन् । सहचालक रमेश बानियाँको फुर्ती आफ्नै किसिमको छ । उनी कुनै यात्रीलाई सोझो जवाफ दिँदैनन् । ठुले बानियाँले चलाएको मोस्टाङ यात्रीहरू लिएर सधैँ बेनीदेखि तितर गाउँसम्म ओहोर-दोहोर गरिरहन्छ ।

गङ्गा पुन यात्राका क्रममा भेटिएका पात्र हुन् । यात्राका केही क्षण 'म' पात्रका हितैषीको भूमिकामा रहने पुनले यात्रालाई रोचक बनाउन सहयोग पुऱ्याएका छन् । सन्ते बिक र काजी गुरुङ पनि यस यात्राका सहभागी हुन् । गर्बुजा भाइ, महव्यापारी झापाली बहिनी, दाना बजारमा महिलाहरूलाई ठग्दै हिँड्ने जोगी, दिलसरा,

बिरकाटे गाउँका बच्चा, डोली बोक्ने र शीतलमा सुस्ताउने कतिपय पात्रहरू यस नियात्रामा उपस्थित छन् । यी र यस्ता कतिपय पात्रहरू भने यहाँ स्थितिशील चरित्रका रूपमा रहे पनि यिनको सहभागिताले नियात्रा गतिशील बनेको छ । नियात्रामा बहुसहभागिताको स्थिति छ तर 'म' पात्रको यात्राका आरोह-अवरोहमा सबैको उपस्थिति सहज छ ।

## गतिशीलता

यात्राबाट उत्पन्न अनुभूतिको प्रस्तुति नियात्रा भएकाले नियात्राका विभिन्न तत्त्वहरूमध्ये गतिशीलता अर्को महत्त्वपूर्ण तत्त्व हो । त्यसैले नियात्रा गतिशील हुनु आवश्यक छ । मानवले यात्राबाट मात्र वास्तविकताको साँचो अनुभूति गर्छ । नियात्रागत वास्तविकता पाठकमा समेत सजीव बनेर उपस्थित हुन्छ । जसले पाठकलाई लेखकमै समाहित गरी विभिन्न स्थान र विषयको प्रत्यक्षानुभूति गराइरहेको हुन्छ त्यसैले गतिशीलता नियात्राका लागि आवश्क तत्त्व मानिन्छ (रेग्मी, २०६६, पृ. ४३) । यस तत्त्वको स्वाभाविक संश्लेषणमा नियात्राले कलात्मक उचाइ वरण गर्छ ।

प्रस्तुत नियात्रामा बेनी बजारबाट सुरु भएको यात्राको वर्णन छ । कालीगण्डकीलाई दायाँ पारी उत्तरी दिशामा अवस्थित हिमाली प्रदेशतर्फ यात्रा अघि बढेको कुराको वर्णन कलात्मक रहेको छ । बाटामा सहभागीहरूले नयाँ नयाँ अनुभूतिहरूलाई वार्तालापको शैलीमा सुनाउँदै गएको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । त्यस यात्रामा भएका एकपछि अर्का वार्तालापले नित्यप्रति नवीन भावविचार र अनुभूति पस्किरहेको अवस्था छ । नियात्रा पठनबोधका क्रममा पाठकले उत्तरोत्तर नवीनताको अनुभूति गर्ने अवस्था छ । नियात्राहरूमा तलाउमा जमेको जलराशि जस्तो एउटै भावविचार अभिव्यक्त छैन । यी नियात्राहरूमा पार्श्ववर्ती नदीनालाका जलराशिलाई पनि आफूमा समाहित गर्दै, आयाम विस्तार गर्दै र आफूलाई नित्यप्रति प्राञ्जल तुल्याउँदै अविरल रूपमा प्रवाहमान नदी जस्तै नूतन भावहरूको प्रवाह छ । त्यसैले यस नियात्राका हरेक पङ्क्तिले नवीनताको अनुभूति गराइरहन्छन् । सहभागीको सुरम्य प्रकृतिको साक्षात्कारबाट स्वतः निःसृत कमनीय भावसिक्त कुराकानीले पाठकलाई पनि नित्यप्रति नूतन भावसंवेदनाको अनुभूति गराउने अवस्था यी नियात्राहरूमा रहेको छ ।

## स्थानीय परिवेश

नियात्राकारले प्रत्यक्ष यात्राका सन्दर्भमा पुगेको स्थान, देखेका दृश्य, स्थानीय जनजीवन एवम् सामाजिक, सांस्कृतिक र प्राकृतिक परिवेशलाई नियात्राको विशिष्ट तत्त्वका रूपमा लिइन्छ । नियात्राको आधारभूमि पनि यसैलाई मानिन्छ (क्षेत्री, २०६५, पृ. ११) । प्रस्तुत सङ्ग्रहका विश्लेष्य नियात्रामा पनि स्थानीय परिवेशलाई दर्बिलो आधारशिलाका रूपमा उपयोग गरेको पाइन्छ । यहाँ बेनी बजारदेखि तितर गाउँसम्मको स्थानीय परिवेश चित्रण गरिएको छ । प्रकृतिको काखमा बगिरहेकी कालीको निर्मलता, हेरिरहुँ जस्तो लाग्ने प्रवाह, रोटी व्यापार गरेर जीविका चलाउने मगर्नी दिदीको सरल, सहज र मिजासिलो व्यवहारसँगै बेनी क्षेत्रको सुरम्य प्रकृति, तिनका विविध रूप र अवस्था, गगनचुम्बी पहाड, म्याग्दी खोलाको सुसाइ, कालीगण्डकी र म्याग्दीको सङ्गम आदिको सजीव चित्रण यहाँ छ । यी स्थलको वर्णन पढ्दै जाँदा पाठकका मानसाकाशमा पनि ती दृश्यहरूका बिम्बहरू स्वयमेव उदाउँछन् । कच्ची बाटामा मोटर गुड्दा उत्पन्न धुलो र कतै वर्षाका कारण हिलाम्य भएको जोखिमयुक्त बाटाको यात्रामा बेखाबखतमा सहभागीका मनमा अनायासै उत्पन्न हुने सन्त्रासको अभिव्यक्ति यहाँ छ । गलेश्वरधाम र त्यस क्षेत्रप्रतिको आस्थासँगै त्यहाँको कमनीय वर्णन पनि यहाँ गरिएको छ ।

ग्रामीण जनजीवन, बारीमा आकाश छेड्ने औकात लिएर उभिएका मकैका बोट, बरेला र करेलाका झ्याल, अन्यान्य अन्न बालीको फक्रँदो सौन्दर्य, लाहुरे र सयपत्री फूलको मोहकता यात्राका आकर्षण हुन् । स्थानीय जनजीवनका पीर, व्यथा र कथाहरू, पहाडी जीवनका विवशता र बाध्यता, झरनाको आकर्षक दृश्य, सामूहिक कार्यशैलीमा रमाएको जीवनपद्धति सुन्दर डाँडाकाँडा र हरियालीले ढाकेका पहाडहरू, दाना बजार र त्यहाँ सामान किन्ने मानिसहरूको उपस्थिति, ढुङ्गाका दुईछाने घरहरू, गाडीमा सवार हुँदा पङ्खा हम्कने स्याउलाहरू, तातोपानी बजार, दाना गाउँको बैँसधारी, धवलागिरिका काखैकाखमा देखिने छहरा र छाँगाहरू यहाँ प्रस्तुत भएका मनोरञ्जक दृश्यहरू हुन् ।

वस्तुतः प्रकृतिका यी विविध सुरम्य रूप र अवस्थाहरू सहभागीको आनन्दानुभूतिलाई उद्दीप्त तुल्याउने विशिष्ट तत्त्व बनेका छन् । यी रूप र अवस्थाहरूसँगको साक्षात्कारबाट सहभागीको हृदय पुलकित भएको छ । नियात्राहरूमा प्रकृतिका यी अवस्थाहरूको भावमय चित्रण छ । चित्रणको विशिष्टताले गर्दा पाठक मनश्चेतना सहभागीसँगै तल्लीन भई आनन्दानुभूति गर्ने अवस्था रहेको छ । यसप्रकार प्रस्तुत नियात्राहरूमा परिवेशलाई नियात्रा वर्णनको यस्तो रसायनका रूपमा उपयोग गरिएको छ जसले एकातिर नियात्राको संरचक तत्त्वको काम गरेको छ भने नियात्रा वर्णनलाई रसमय बनाउने आन्तरिक तत्त्व जस्तो पनि बनेको छ ।

## तथ्यात्मकता

नियात्रामा लेखकीय अध्ययन र अवलोकनबाट प्राप्त तथ्यको कलात्मक विन्यास हुन्छ । यो विन्यासबाट पाठकले वर्ण्य विषय- सामाजिक, सांस्कृतिक र प्राकृतिक वस्तुतथ्यको बोध गर्दछ । त्यसैले तथ्यात्मकतालाई नियात्राको अर्को महत्त्वपूर्ण तत्त्व मानिएको छ (उपाध्याय, २०६६, पृ. ५९) । पर्खालभित्रको राजधानी नामक सङ्ग्रहका विश्लेष्य नियात्रामा पनि बेनीको जनजीवन र स्थानीय परिवेशको रागात्मक अङ्कन पाइन्छ । यातायातका सन्दर्भमा सिन्डिकेटवालाहरूले स्थानीय र पर्यटकीय प्रयोजनका निम्ति पुगेका जो कोहीलाई अनुचित ढङ्गबाट प्रभावित तुल्याउने बाध्यात्मक स्थिति यहाँ प्रस्तुत गरिएको छ । प्रशासनिक उदासीनता र अव्यवस्थित बाटाका कारण सहभागीले झेल्नुपर्ने समस्याहय्को रोमाञ्चकारी वर्णन पनि यहाँ गरिएको छ । शिक्षादीक्षाको ज्योत्स्नाबाट टाढा रहेर पनि ग्रामीण जीवनको सरलता, सहजता र हार्दिकताको भावमय वर्णन यहाँ छ । नियात्रामा भौतिक विकास र आधुनिक वैज्ञानिक साधन सुविधाको अभाव, स्वास्थ्योपचारको समस्या, बेरोजगारी, विदेश पलायन आदि समस्याको इमान्दारीपूर्वक वर्णन छ । अभावै अभावका बिचमा पनि विलासको लालचले अकलुषित स्थानीय अनि स्थानीय सरल र अकृत्रिम, पारस्परिक सहयोग, सद्भाव र सहअस्तित्वको भावनामा आबद्ध भई लेकबेँसी, खेतीपाती, अर्मपर्म, मेलापात र घाँसदाउरा गरेर रमाउन अभ्यस्त पहाडी ग्रामीणहरूको जीवनको मार्मिक चित्रण यहाँ गरिएको छ । सरलता र इमानदारिताको फाइदा उठाउँदै धर्म र सद्व्यवहारका नाममा हुने गरेका ठगीका घटनाहरू यहाँ वर्ण्य विषय बनेका छन् ।

आमासमूहको सकारात्मक सोच र व्यवहार एवम् जागरण र सचेतनामूलक कार्यहरूलाई पनि यहाँ अङ्कन गरिएको छ । यद्यपि पूर्ण चेतनाको अभावमा कतिपय कार्यहरू कष्टसाध्य बनेर आएका छन् । ग्रामीण जीवन सहृदयी हुने वस्तुतथ्य, कठोरताभित्र लुकेको कोमलताको प्रकटीकरण, हार्दिकता र स्वच्छन्दताको फराकिलोपन एवम् स्थानीय स्तरमा पाइने विषयलाई यहाँ सरस ढङ्गबाट प्रस्तुत गरिएको छ । गलेश्वर धामप्रतिको आस्था र विश्वासको भावसँगै स्थानीय सौन्दर्यको अभिव्यक्ति जस्ता वस्तुतथ्यको उपस्थितिले नियात्रालाई थप विश्वसनीय बनाएको छ।

## चित्रात्मकता

नियात्राकारले नियात्रामा आफूले यात्रा गरेका विभिन्न स्थान, स्थानीय जनजीवन, प्राकृतिक, सामाजिक र सांस्कृतिक आदि विषयको चित्रण गरेको हुन्छ । सफल नियात्राकारका नियात्राको अध्ययन गर्दै गर्दा पाठकका मानसाकाशमा अनायासै वर्ण्य विषयका बिम्बप्रतिबिम्बहरू झाँकीझैँ झलमलाउँछन् । पाठक ती विविधतालाई आफू स्वयंले अनुभूति गर्दै रहेको महसुस गर्छ । लेखकीय अभिरुचि र दृष्टिको समेत चित्रात्मक अभिव्यक्ति हुनाले चित्रात्मकता नियात्राको अनिवार्य तत्त्वअन्तर्गत पर्दछ (क्षेत्री, २०६५, पृ. १२) । नियात्राङ्कित विविधतासँगै लेखकीय अनुभूति पनि रचनालाई प्राणवान् बनाउने रसायन जस्तो बनेको हुन्छ । त्यसैले चित्रात्मकतालाई नियात्राको आवश्यक तत्त्वकै रूपमा लिइएको पाइन्छ ।

प्रस्तुत लेखको परिधिभित्र समेटिएका नियात्राहरूमा पनि चित्रात्मक प्रस्तुति छ । यहाँ बेनीको वर्णन, कालीगण्डकीको विचित्र स्वरूप, आँखाको नानीका रूपमा बेनीको रूपाकृति, गगनचुम्बी पर्वतीय शृङ्खला र कालीगण्डकीका प्रवाहको जीवन्त वर्णन छ । सहभागीका आनन्दानुभूतिलाई आन्तरिक रसायन जस्तै बनाइएको छ । यसले वर्ण्य विषयहरू सजीव बनेर हाम्रा मानसपटलमा पनि उदाउँछन् । ईश्वरीय सत्ताको विवेकशील विवेचना, ब्रह्माण्डोत्पत्तिको विचित्र व्याख्या, गलेश्वर परिसरको चर्चा आदिमा चित्रात्मकता छ । पहाडका खोँचहरू, विभिन्न बोट वनस्पतिमा सजिएका फलफूल तथा तरकारीका झाडी र कुञ्जले प्रस्तुत गरेको सौन्दर्यको विचित्र वर्णनलाई हार्दिकताका साथ महत्त्व दिइएको छ ।

हरियालीले रङ्गिएका पहाड, कुहिरो र घामको लुकामारी, झरनाको झरझर, चौतारो, आली, चौर र चरनको मोहकता यहाँका विशेषता हुन् । जिन्दगीका अस्थायित्वको अङ्कन, देउकी र झुमा जस्ता सांस्कृतिक सन्दर्भको उठान, बिरकाटे गाउँबाट केटाकेटीले बादललाई गिज्याएको र आफूलाई जितपुरफेदीको सम्झनामा रमाउने अवसर प्राप्त भएको प्रसङ्गलाई समेत यहाँ चित्रात्मक ढङ्गमा प्रस्तुत गरिएको छ, मानौँ कुनै पनि पाठक नियात्रा पठनबाट चित्रात्मक दृश्य हेर्दै आनन्दानुभूतिमा निमग्न भएको महसुस गर्छ ।

## कुतूहल

अन्य विषय र विधामा झैँ नियात्रामा पनि कुतूहल आवश्यक र उपयोगी तत्त्व मानिन्छ । अझ तत् स्थानको भ्रमण अवलोकन गर्ने र स्थानीय परिवेशको पर्यावलोकन गरी आनन्द प्राप्त गर्ने विषयमा प्रथमतः लेखकमै कुतूहल जागृत हुन्छ । यात्राका सन्दर्भमा त्यो कुतूहल अझ बढ्दै जान्छ र नियात्राकारको लेखनकौशलका माध्यमबाट पाठकसम्म पुगी पाठकसमेत लाभान्वित हुन्छ । जुन कुतूहलता नियात्राको थालनीबाट सुरु भई समाप्तिसँगै अन्त्य पनि हुन्छ (उपाध्याय, २०६६, पृ. ६२) । त्यसैले कुतूहल नियात्राको अर्को विशेषता बनेर रहन्छ ।

प्रस्तुत सङ्ग्रहका नियात्रामा नियात्राकार 'किशोर' ले एकपछि अर्का घटनाको तारतम्य मिलाउने सन्दर्भमा कौतुक सिर्जना गरेका छन् । बेनीमा सिन्डिकेटवालाहरुको व्यवहार, प्रहरीको बिना सोचविचारको अभिव्यक्ति, मोस्टाङका सहचालकको बोलीवचन र व्यवहार, बेनीबाट मुस्ताङतर्फ जाने बाटाको दुरवस्थाको वर्णनको अध्ययन गर्दै जाँदा पाठकको मनश्चेतनामा अब के हुन्छ ? भन्ने जिज्ञासा उत्तरोत्तर घनीभूत हुँदै जान्छ । एकपछि अर्का घटनाहरू, वार्तालाप वा संवादका प्रत्येक चरणमा पाठकको जिज्ञासालाई घनीभूत तुल्याउँदै गएको अवस्था यहाँ छ । चालकको सवारी चलाइ, रूपसराको हाँसो र रमेश बानियाँको विनोदपूर्ण व्यवहारको

वर्णन पढ्दा झनै उत्सुकता जाग्ने अवस्था छ । यात्राका क्रममा एकपछि अर्का नूतन दृश्यसँग साक्षात्कार गर्न पाइने हुँदा सहभागी उत्सुकताले व्याकुल बन्दै गएका छन् । नूतन, मनोरम र कमनीय दृश्यावलीको वर्णन पनि सोही ढङ्गले गरिएको छ । त्यसैले पाठकको मनःचक्षु व्यग्रतापूर्वक त्यहीँ जान्छ जहाँ जहाँ सहभागीले आनन्दानुभूतिका साथ यात्रा गरिरहेका थिए । यात्राका क्रममा वार्तालापबाट उत्पन्न उत्कण्ठाको रोचक वर्णनले नियात्रालाई सरस बनाएको छ । यसप्रकार कुतूहलता नियात्राको सफलताको महत्त्वपूर्ण तत्त्व विशेषका रूपमा उपयोग भएको छ ।

## भाषाशैली

भाव सम्प्रेषणको प्रमुख माध्यम नै भाषा हो । भाषालाई विशेष गरी सम्प्रेषणको माध्यम र शैलीलाई सम्प्रेषणको प्रक्रिया वा तौरतरिका मान्ने गरिएको छ । नियात्रा पनि सरल, सहज र सम्प्रेष्य भाषाशैलीका माध्यमबाट मात्र आस्वाद्य हुन्छ (उपाध्याय, २०६६, पृ. ८१) । त्यसैले यात्रा साहित्यका लागि समेत भाषाशैलीको स्थान महत्त्वपूर्ण मानिएको छ ।

विवेच्य सङ्ग्रहका नियात्राकृतिको भाषाशैली सहज छ । यहाँ लेखकीय अनुभूतिका बिन्दुहरू आस्वाद्य बनेर आएका छन् । सुललित पदविन्यास आलङ्कारिक अभिव्यक्ति, कवितात्मक शिल्प र गेयात्मकता यसका मौलिक विशेषताहरू हुन् । साथै लक्ष्य, स्मृति, द्वन्द्व, चालक, सहचालक, गुरु, युग, सृष्टि, शिव, कार्यालय, भूगर्भ, परमात्मा, नीलगिरि र दृश्य जस्ता सरल तत्सम पदावलीहरूको प्रयोग यहाँ छ । माछा, रगत, दुबो, मान्छे, बहिनी, बिजुली, आँखा, गाउँ, गाई, हात, बुढा, हाँसो र बाफ जस्ता सरल तद्भव शब्दको प्राचूर्य छ । फियात, फरमान, सिन्डिकेट, कानुन, डाइरेक्टर, प्रोटोन, ड्रगिस्ट, जवाफ, चाउचाउ, गड, हेल्थ, म्याट्रेस, बस, फोन र ब्रेक जस्ता आगन्तुक शब्द पनि प्रयोग भएका छन् । यीमध्ये केही अप्रचलित आगन्तुक शब्दको प्रयोगले भाषिक विन्यासको शैली उच्च प्रयुक्तिको हुन पुगेको छ । फिस्स, ह्वाङह्वाङ्ती, निथ्रुक्क, ढलपल, भिmमिक्क, फुत्रुक्क, घ्याच्च र ड्वाङ्ग जस्ता अनुकरणात्मक शब्दको प्रयोगबाट कथ्यले दृश्यत्व ग्रहण गरेको छ । क्यारे, त, तै, हगि, नि, लौ, क्यार जस्ता निपातको प्रयोगबाट भाषिक प्रयोगको शैली बोलीचालीको शैलीसँग निकट बनेको छ अर्थात् यसबाट स्वाभाविक सौन्दर्य सृष्टि भएको छ ।

उपर्युक्त पदावलीसँगै जहाँ पाप उहीँ फलिफाप, घर न घाटको हुनु, आग्रा जाने बेलामा गाग्राको कुरा, आकाशको राहु पातालको केतु यति भएपछि अझ नचेतूँ ? अँध्याराको काम खोलाको गीत जस्ता उखान र अत्तो थाप्नु, तिरिमिरी झचाइँ देख्नु, आँ गर्दा अलङ्कार बुझ्नु जस्ता तुक्काले प्रस्तुतिलाई व्यञ्जनाधर्मी बनाएका छन् । त्यसैले भाषाशैलीका दृष्टिबाट प्रस्तुत सङ्ग्रहका उपर्युक्त नियात्रा सरल, सहज र सम्प्रेष्य छन् ।

## निष्कर्ष

‘पर्खालभित्रको राजधानी’ मा सङ्कलित ‘आशाको लहरामा एक मुठी श्वास’ र ‘रहस्यका पहाडहरूमा’ शीर्षकका नियात्रालाई सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गर्दा दुबै नियात्रा सफल देखिएका छन् । उपल्लो मुस्ताङलाई गन्तव्य बनाई यात्रा गर्दाका दुःखद परिवेशको सङ्केत अनि प्राकृतिक विविधतायुक्त सौन्दर्यचित्रणमा दुबै शीर्षक प्रतीकात्मक रूपले सार्थक छन् । यात्राको मुख्य भूमिकामा रहेका ‘म’ पात्र र सहभागीसँग अन्य सहभागीको सहयात्राको जीवन्त वर्णनले नियात्रा सरस बनेको छ । नियात्रामा प्रयुक्त

संवादले पाठकका अन्तर्मनमा निजी अनुभूतिको उन्मेष गराउने अवस्था यहाँ प्रकट भएको छ । नियात्राहरूमा नेपाली पहाडी प्रकृतिका विविध रूप र अवस्थालाई सुखद भावसौन्दर्यको उद्‌बोधनका कारकतत्त्वका रूपमा प्रस्तुत गरिएको छ । यात्राको अवधिमा भेटिएका खोँचहरू, बोट-वनस्पतिमा सजिएका फल एवम् फूलहरू र वन्यकुञ्जको चित्रात्मक वर्णन अझ आकर्षक छ । उच्च र हरिया पहाडमा भएको बादलको लुकामारीको वर्णन चित्रात्मक बनेको छ । बारम्बार देखिने परिवर्तित प्रकृतिको चित्रण, पात्रगत संवाद र यात्रागत जटिलताको प्रस्तुतिलाई कुतूहलजनक बनाइएको छ । कतिपय पदविन्यासमा कवितात्मक लय माधुर्य सृष्टि भएको छ । लोकप्रचिलित तत्सम शब्द र तद्‌भव शब्दको प्रयोगबाट अभिव्यक्ति प्रणाली स्तरीय भइकन पनि अभिव्यक्ति प्रणाली सरल बनेको छ । नियात्राहरूमा आम नेपाली भाषाभाषीका बिचमा अप्रचलित आगन्तुक शब्द पनि प्रयोग भएका छन् । यी शब्दहरू साधारण पाठकका लागि दुर्बोध्य छन् । यो पक्ष लेखकको सीमा बनेको छ । अनुकरणात्मक शब्दको समुचित विन्यासबाट वर्ण्य विषयले मूर्तत्व प्राप्त गरेको छ । निपात र उखान तुक्काको प्रयोगबाट अभिव्यक्ति प्रणाली सहज र व्यञ्जनाधर्मी पनि बनेको छ ।

प्राकृतिक, सामाजिक र भौगोलिक विविधताको सहज प्रस्तुति यस नियात्राको खास आकर्षण हो । एकपछि अर्को संवाद, घटना र स्थानीयताको प्रस्तुतिले नियात्रा सरस बनेका छन् । नियात्रामा भ्रमणका क्रममा प्राप्त तथ्य र अनुभूतिलाई अभिव्यक्त गर्ने कलात्मक सिप उपयोग भएको छ । यसप्रकार नियात्राकार दामोदर पुडासैनी 'किशोर' का प्रस्तुत नियात्राहरूमा नियात्रा साहित्यका तत्त्वहरूको कलात्मक संश्लेषण भएको छ जसले गर्दा नियात्राहरू आह्लादजनक बनेका छन् ।

## सन्दर्भ-सूची


उपाध्याय, वेदव्यास (२०६६), *नेपाली यात्रा साहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,* (विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ।

क्षेत्री, जमुनाकुमारी (२०६५), *जूनका पाइला,* (स्नातकोत्तर सिर्जनापत्र), त्रिवि, रत्नराज्य क्याम्पस ।

घिमिरे, भानु (२०५८), 'नेपाली यात्रा निबन्धमा देखा परेका प्रमुख मोड र प्रवृत्ति', *समकालीन साहित्य,* (११:३, पृ. २०५), ने.रा.प्र.प्र. ।

पुडासैनी, दामोदर (२०७३), *पर्खालभित्रको राजधानी,* रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०४०), *नेपाली बृहत् शब्दकोश,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

रेग्मी, उमेश (२०६६), *तारानाथ शर्माका स्वदेशपरक नियात्राको कृतिपरक अध्ययन,* (स्नातकोत्तर शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय ।